पैयूँ गाउँपालिका

गाउँ कार्यपालिका बैठक

सम्वत् २०८२।०३।२४ गते आ.ब. २०८१/८२ बैठक क्र.सं.१७

**निर्णय नं.१:** मिति २०८२ साल असार ८ गते बसेको कार्यपालिका बैठकका निर्णयको कार्यान्वयनका सम्बन्धमा आवश्यक छलफल गरी निर्णय पूर्णतयाः कार्यान्वयन भएकाले समीक्षा गरियो।

**निर्णय नं.२:** ठुल्डाँडा धरमपानी पैयूँकोट अधुरो पदमार्ग निमार्ण पैयूँ गा.पा.४ योजनाको मिति २०८१/११/१९ गते गाउँपालिका र किङ्गस कन्ट्रक्सन कम्पनी प्रा.लि.बीच ठेक्का सम्झौता भएकोमा उक्त कार्यसम्झौता बमोजिम पटक पटक ताकेता गर्दापनि समयमा कार्यसम्पन्न नगरेकाले उक्त सम्झौताको SBD Clause 72.1 र 72.2 तथा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९,६२,६३ तथा नियमावली २०६४ को नियम १२१ तथा १२८ तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र नियमावली, २०७७ बमोजिम ठेक्का रद्द गरी नियमानुसार कालोसूचीमा राख्न प्रकृया अगाडि वढाउने निर्णय गरियो।

**निर्णय नं.३:** पैयूँ गाउँपालिकाबाट आ.व.०८१/८२ मा ठेक्का आह्वान गरी निर्माण कार्य सम्पन्न भएका तपसिलका योजनाहरु र गत विगत आ.व. देखि नियमित रुपमा निर्माण कार्य भइरहेको **एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम १० शैयाको अस्पताल भवनको मूल्य समायोजन रु.३८,१८,२९३।** (अक्षरेपी अड्तीस लाख अठार हजार दुइ सय त्रीयानब्बे मात्र) समेत तपसिल अनुसार कार्यालयबाट भुक्तानी भएको रकम अनुमोदन गर्ने निर्णय गरियो।

तपसिल

| क्र.स | योजनाको नाम | ठेकेदार कम्पनीको नाम | भुक्तानी भएको मिति | भुक्तानी भएको रकम | वजेट स्रोत |
|---|---|---|---|---|---|
| १ | ठुल्डाँडा धरमपानी पैयूँकोट अधुरो पदमार्ग निर्माण पैयूँ गा.पा.४ | किङ्गस कन्स्सन कम्पनी प्रालि | २०८२/०३/२५ | १२९९६६३ | संघीय सशर्त |
| २ | एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम १० शैया अस्पताल | सि.एम/नेशनल विवेक एण्ड कुवेर जे.भी. | २०८२/०३/२५ | १८३४११९६ | क्रमागत योजना |
| ३ | आधारभुत स्वास्थ्य सेवा केन्द्र भवन निर्माण वडा नं.३ | श्रेयस विल्डर्स | २०८२/०३/२५ | २१५६४७२ | अन्तर सरकारी |
| ४ | आधारभुत स्वास्थ्य सेवा केन्द्र भवन निर्माण वडा नं.७ | एन.एस.वरेण्य विल्डर्स प्रा.लि. | २०८२/०३/२५ | २१०९१२३ | अन्तर सरकारी |
| ५ | पालुस्थान छहरे झरना पर्यटकीय स्थल प्रवर्धन कार्यक्रम पैयूँ गा.पा. ३ र ५ | पैयूँ कालिका सप्लायर्स एण्ड कनस्ट्रक्सन प्रा.लि. | २०८२/०३/२५ | २०६३५४३ | संघीय सशर्त |
| ६ | ठिल्वेसी भर्मा कुभिण्डे घुम्सुङ हुदै पर्यटकीय स्थल न्यौपानेगाउँ जाने सडक पैयूँ-२ | एच एण्ड एस ब्रदर्श निर्माण सेवा | २०८०/०३/२२ | ३५९७४५४ | संघीय समपूरक |
| ७ | गल्छिना धरमपानी पैयूँ कोट पदमार्ग पैयूँ-४ | लिला निर्माण सेवा | २०८२/०३/२२ | ३३८९७६९ | गण्डकी प्रदेश विशेष |
| ८ | सरौंखोला सिरवानी हाँडिखर्क ग्यामि भोर्ले सडक पैयू-६,७ | शान्ती दर्शन निर्माण सेवा | २०८२/०३/२४ | १०९४१५६० | गण्डकी प्रदेश समपुरक |
| | जम्मा | | | ४,३८,९८,७८० | |

पैयूँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय
ख्वाल, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

तीरण मल्ल ठकुरी
अध्यक्ष

पैयूँ गाउँपालिका

गाउँ कार्यपालिका वैठक

सम्वत् २०८२।०३।२४ गते                                   आ.ब. २०८१/८२ बैठक क्र.सं.१७

**निर्णय नं.४:** गाउँपालिकाको क्षेत्राधिकार भित्र पर्ने करारोपणका क्षेत्रहरु बाहेकका अन्य क्षेत्रहरुमा कर निर्धारण गर्ने, कर लगाउने र संकलन गर्ने (करारोपण) कार्य नगरेको व्यहोरा हामी यो कार्यपालिका बैठकबाट स्वघोषणा गर्दछौं।

**निर्णय नं.५:** पैयूँ गाउँपालिका क्षेत्र भित्र खेती योग्य जमिन बाँझो नरहेको र यहाँ बाट उत्पादित उत्पादनले गाउँपालिकाका सबै नागरिकहरुलाई बाह्रै महिना खान पुग्ने भएकोले यस गाउँपालिकामा खाद्य असुरक्षा नभएको निर्णय गरिन्छ ।

पैयूँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय
ठुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

तोरण मल्ल ठकुरी
अध्यक्ष